# संघीय संसद
# प्रतिनिधि सभा
पाँचौं अधिवेशन
## बैठक संख्या - २१
## सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७६ साल फागुन १९ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:२० बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ समाजवादी पार्टीका मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री सरिता गिरीलाई समय दिनुहुँदा उहाँले सरकारले पेट्रोलियम पदार्थमा लगाइएको करको विषयमा अघिल्लो बैठकमा समेत उठाएको विषय स्मरण गराउँदै सम्पूर्ण जनतालाई करको बोझ सरकारबाट थपिएको, नेपाल आयल निगम छुट्टै र नेपाल सरकारले छुट्टै गरी दोहोरो कर जनतामा परेको तर कर तिर्ने जनताले कुनै सुविधा नपाएको, सरकारलाई संसदको अधिकार क्षेत्र हनन गरी कर लगाउने र उठाउने अधिकार नरहेको भन्नुहुँदै यस विषयमा सम्माननीय सभामुखबाट निर्देशन हुनुपर्ने भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० सदस्यले उठाउनु भएको विषयतर्फ सदनको ध्यानाकर्षण भैसकेको र म सरकारको समेत ध्यानाकर्षण गराउँछु भन्नुभयो ।

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो धारणा राख्नुभयो :-

१. मा० श्री अञ्जना विसंखे
२. मा० श्री अतहर कमाल मुसलमान
३. मा० श्री उमा रेग्मी
४. मा० श्री एकवाल मियाँ
५. मा० श्री कलिला खातुन
६. मा० श्री कु. तुल्सी थापा
७. मा० श्री कृष्णभक्त पोखेल
८. मा० श्री खगराज अधिकारी
९. मा० श्री गंगा चौधरी (सत्गौवा)
१०. मा० श्री चाँदतारा कुमारी
११. मा० श्री छक्कबहादुर लामा
१२. मा० श्री जीपछिरिङ लामा
१३. मा० श्री जीवनराम श्रेष्ठ
१४. मा० श्री जुली कुमारी महतो

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री देवेन्द्र पौडेल
२. मा० श्री दिलेन्द्रप्रसाद बडू
३. मा० श्री महिन्द्र राय यादव
४. मा० श्री प्रदिप यादव
५. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
६. मा० श्री दिव्यमणि राजभण्डारी
७. मा० श्री सरिता कुमारी गिरी
८. मा० श्री शान्ता चौधरी
९. मा० श्री प्रकाश रसाईली (स्नेही)

तदुपरान्त सम्माननीय सभामुखले मिति २०७६ साल फागुन १८ गते गणपूरक संख्याको अभावमा निर्णय हुन बाँकी “नेपाल राष्ट्र बैङ्क (तेस्रो संशोधन) विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० गृह मन्त्री श्री रामबहादुर थापाले “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि अर्थात् विधेयकमाथिको सामान्य छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री कृष्णभक्त पोखेल
२. मा० श्री पुष्पा भुसाल (गौतम)
३. मा० श्री दिलेन्द्रप्रसाद बडू
४. मा० श्री रेनुका गुरुङ्ग
५. मा० श्री लक्ष्मी परियार
६. मा० श्री अतहर कमाल मुसलमान

७. मा० श्री विमला वि.क.
८. मा० श्री नवराज सिलवाल
९. मा० श्री सरिता गिरी
१०. मा० श्री छक्कबहादुर लामा
११. मा० श्री मिना सुब्बा
१२. मा० श्री बृजेश कुमार गुप्त
१३. मा० श्री मनकुमारी जि.सी.
१४. मा० श्री उमा रेग्मी
१५. मा० श्री सञ्जय कुमार गौतम
१६. मा० श्री पार्वता डि.सी. (चौधरी)
१७. मा० श्री सुजाता परियार

तदुपरान्त मा० गृह मन्त्री श्री रामबहादुर थापाले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले “कारागार विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा मा० श्री पार्वता डि.सी. (चौधरी)ले नियमापत्ति गर्नुहुँदै नेपालको संविधानको धारा ९४ बमोजिम सदनमा गणपुरक संख्या नपुग भएको भनी प्रश्न उठाउनु भएपछि सम्माननीय सभामुखले नेपालको संविधानको धारा ९४ बमोजिम कुनैपनि प्रश्न वा प्रस्ताव निर्णयार्थ पेश गर्न प्रतिनिधि सभाको एक चौथाई सदस्य उपस्थित हुनु पर्ने भएकोले ३ मिनेट घण्टी बजाई गणपूरक संख्या यकिन गर्दा गणपुरक संख्या ६९ हुनुपर्नेमा हाल मा० सदस्यहरुको संख्या ६५ रहेकोले गणपुरक संख्या नपुगेको जानकारी गराउनु हुँदै कार्यसूचीको बाँकी सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७६ साल फागुन २१ गते बुधबार दिनको १:०० बस्नेगरी दिनको ४:०० बजे स्थगित भयो ।

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव